# नेपालको व्यापार घाटासँग जोडिएका ६ सवाल

नयाँ पत्रिका | असार ०४, २०७४



व्यापार तथा निकासी प्रवद्र्धन केन्द्रका अनुसार चालू आर्थिक वर्षको १० महिनामा नेपालले ७ खर्ब ४६ अर्ब १८ करोड रुपैयाँबराबरको व्यापार घाटा व्यहोरेको छ । यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३५ दशमलव ४ प्रतिशतले बढी हो । एकातर्फ खपत बढ्दै जानु, अर्कोतर्फ उत्पादन र निर्यात उल्लेखनीय रूपमा बढ्न नसक्दा मुलुकले ठूलो आकारको व्यापार घाटा व्यहोर्नुपरिरहेको अर्थविद् पोषराज पाण्डे बताउँछन् । व्यापार घाटा यही रफ्तारमा बढ्ने हो भने मुलुकको अर्थतन्त्र कुनै समय 'क्र्यास' हुन सक्ने उनको भनाइ छ । व्यापार घाटा अत्यासलाग्दो रूपमा किन बढिरहेको छ र यसलाई रोक्न वा न्यूनीकरण गर्न के गर्नुपर्छ भन्ने विषयमा अर्थविद् पाण्डेको विश्लेषण यस्तो छ स:

**व्यापार घाटाको अवस्था**

हाम्रो व्यापार घाटा १० महिनामा साढे ७ खर्ब हाराहारीमा पुगेको छ । यो असाध्यै डरलाग्दो व्यापार घाटा हो । आयातको वृद्धिदर उच्च भइरहेको छ । तर, निर्यातको वृद्धिदर न्यून छ । अहिले निर्यात–आयातको अनुपात १ः१३ भन्दा बढी पुगिसकेको छ जुन भोलिका दिनमा १ः१५ पुग्ने पक्का छ । हामी व्यापार घाटामा गम्भीर र चिन्तित हुन सकेका छैनौँ जस्तो लाग्छ ।

व्यापार घाटा भनेको आजको भोलि नै रोकिने कुरा होइन । यसर्थ, आजकै दिनबाट व्यापार घाटा घटाउँछौँ भनेर लाग्दा पनि २–४ वर्षभन्दा बढी समय लाग्छ । गार्मेन्ट, गलैँचा, पस्मिना, हस्तकलालगायत वस्तुको निर्यात दोब्बर नै बनाए पनि तत्काल व्यापार घाटा स्वात्तै घटाउन सम्भव छैन । अहिले गार्मेन्ट, गलैँचा र पस्मिनाको निर्यात करिब २५ अर्बको हाराहारीमा होला । त्यसलाई दोब्बर बनाउँदा पनि ५० अर्ब मात्रै पुग्ने हो । तर, व्यापार घाटा त साढे ७ खर्बको रहेको छ । यसर्थ, अल्पकालीन र दीर्घकालीन रणनीति बनाएर व्यापार घाटा न्यूनीकरणका लागि जोड दिन आवश्यक छ ।

**किन बढिरहेको छ व्यापार घाटा ?**

व्यापार घाटा वृद्धि उच्च दरमा भइरहेको छ । र, यो हाम्रो अवस्था र परिस्थितिले स्वाभाविक पनि हो । हामी उत्पादन नगर्ने खपत मात्रै गर्ने भएपछि व्यापार घाटा नभएर के हुन्छ ? यसलाई सामान्य ढंगबाट हेर्ने हो भने

कि त उत्पादन बढाउनुपर्यो कि त खपत घटाउनुप¥यो । अब खपत घटाउने कुरै आउँदैन, त्यसैले हाम्रो मुख्य जोड भनेको उत्पादन वृद्धिमै हुनुपर्छ ।

हाम्रो मुलुकमा मुख्यतः रेमिट्यान्सका कारण खपत बढिरहेको छ । बिदेसिएका नागरिकले पैसा पठाउँछन् र उनीहरूले पठाएका पैसाले परिवार तथा आफन्तले यहाँ आफ्ना आवश्यकता पूर्ति गरिरहेका छन् । अहिले भइरहेको बजार प्रणालीमा हामी प्रतिस्पर्धा गर्न सक्दैनौँ, जसका कारण हाम्रो निर्यात बढ्न सकेको छैन र व्यापार घाटा उच्चदरमा बढिरहेको छ । यसका लागि हाम्रो वस्तुलाई कसरी हुन्छ प्रतिस्पर्धी बनाउनेमा ध्यान दिनुपर्छ ।

**निर्यात बढ्न नसक्नुका कारण**

निर्यातका लागि हाम्रो उत्पादन प्रतिस्पर्धी छैनन् । प्रतिस्पर्धी क्षमता पनि बढाउनुपर्छ । रणनीतिमै परेका वस्तुको निर्यात घटिरहेको छ । एनटिआइएसमा परेका वस्तुको निर्यात हुने मुख्य गन्तव्य भारत हो । तर, त्यहाँ गैरभन्सार अवरोधका कारण निर्यात घटिरहेको छ । अदुवा, अलैंचीलगायत उत्पादनले धेरै अवरोध झेलिरहेका छन् । यसमा कि त हामीले भारतले भनेजस्तो उत्पादन गर्न सकेका छैनौँ कि त भारतले जानाजान अवरोध गरिरहेको छ । यसको तथ्य पत्ता लगाएर समाधान गर्ने काम राज्यको हो ।

निर्यात वृद्धिका लागि पूर्वाधार विकास आवश्यक छ । सडक, ऊर्जा, भन्सारलगायत पूर्वाधारको विकासले हाम्रो उत्पादन वृद्धि र व्यापार सहजीकरणमा सहयोग पु¥याउँछ । अझ प्रविधिको प्रयोगमा हामीले धेरै ध्यान दिनुपर्ने देखिन्छ । कृषि तथा औद्योगिक उत्पादनमा प्रविधिको उपयोग बढाएर गुणस्तरीय उत्पादन वृद्धि गराउन सकिन्छ । हामीले बजारसमेत छान्नुपर्छ । र, बजारअनुसार उत्पादनको गुणस्तर तथा परिमाण बढाउनुपर्छ । अब उत्पादन मात्रै होइन, सेवा निर्यातमा पनि ध्यान दिनुपर्छ । हामीले सूचनाप्रविधिको आउटसोर्सिङ, बिपिओ (बिजनेस प्रोसेस आउट सोर्सिङ)लगायततर्फ पनि जोड दिनुपर्छ । सधैँ दुई–चारवटा उत्पादनको निर्यात गर्छु र व्यापार घाटा कम गर्छु भनेर सम्भव छैन ।

**आयात कसरी विस्थापन गर्ने ?**

सबैभन्दा पहिला के–के बढी आयात भइरहेको छ त्यसको सूची तयार गर्नुपर्छ । त्यसमध्ये के–केको आयात विस्थापन वा न्यूनीकरण गर्न सकिन्छ भनेर अध्ययन गर्नुपर्छ । र, सोहीअनुसार उत्पादन वृद्धि तथा निर्यात प्रवद्र्धन गर्नुपर्छ । अहिले हामीले धेरै कृषि सामग्री आयात गरिरहेका छौँ । यो मुलुकलाई कृषि प्रधान भनिन्छ, तर धेरै कृषि वस्तु किन आयात भइरहेको छ ? यसमा गम्भीर समीक्षा गर्न आवश्यक छ । त्यसैले अब राज्यले कृषि उत्पादन वृद्धिका लागि अनुकूल नीति बनाउनुपर्छ । कृषिमा प्रविधि भित्राउनुपर्छ । आधुनिक तथा व्यावसायिक कृषिको अवधारणामा चल्नुपर्छ ।

पेट्रोलियम पदार्थ १ खर्बभन्दा बढीको आयात हुन्छ । यसको आयात तथा खपततर्फ सोच्नुपर्छ । यसका लागि हामीले जलविद्युत् उत्पादनमा प्राथमिकता दिनुपर्छ । विद्युत् उत्पादन बढाउन सक्यौँ भने पेट्रोलियम पदार्थको खपत प्रतिस्थापन गर्न सक्छौँ । अझ विद्युत् नै निर्यातसमेत गर्न सक्छौँ, जसले गर्दा हाम्रो व्यापार घाटा न्यूनीकरण गर्न ठूलो मद्दत पुग्छ । पर्याप्त विद्युत् उत्पादन हुन सके घरमा ग्यासको सट्टा विद्युत्

प्रयोग गर्न सकिन्छ, विद्युतीय सवारीसाधनको प्रयोग बढाउन सकिन्छ । त्यस्तै उद्योगहरूमा खपत हुने डिजेल र पेट्रोलको मात्रा घट्छ ।

**जिम्मेवार को हो ?**
अहिले व्यापार घाटा भनेको वाणिज्य मन्त्रालयको मात्रै चिन्ताको विषयजस्तो सोचिएको छ । यसको अर्थतन्त्रमा पर्ने असर र मुलुकलाई धरासयी बनाउन सक्ने प्रभावका बारेमा कोही पनि चिन्तित देखिएका छैनन् । दुई–चारजना अर्थशास्त्री, उद्योगी र वाणिज्य मन्त्रालयले मात्रै चिन्ता जाहेर गरेर वा लागेर व्यापार घाटा घटाउन सकिँदैन । अन्य मन्त्रालय, विभागलगायत सम्बन्धित तथा सरोकारवाला निकाय र व्यक्तिले पनि उत्तिकै भूमिका खेल्नुपर्छ ।

कतिपय सन्दर्भमा सरकार र सम्बन्धित निकायमा यस्ता समस्याबारे सुन्ने र बुझ्ने मान्छे चाहिएको छ । व्यापार घाटा के हो ? यो किन डरलाग्दो रूपमा बढिरहेको छ ? यसले हामीलाई के असर पार्छ भन्नेलगायत कुरा बुझ्ने मानिस सम्बन्धित निकायमा चाहिएको छ । त्यस्तै, विज्ञहरूले दिएका सुझाब सुन्ने मानिस पनि चाहिएको छ । यहाँ त न बुझ्ने मान्छे आउँछन् न त सुन्ने नै ।

**समस्या र समाधानको उपाय**
एउटा कुरा के स्पष्ट छ भने जुन दिन रेमिट्यान्स बन्द हुन्छ, त्यही दिनदेखि अर्थतन्त्र क्र्यास हुन्छ । पछिल्ला दिनमा त्यो लक्षण देखिएको छ । रेमिट्यान्सको वृद्धिदर घटेको छ । हाम्रो मुलुकको अर्थतन्त्र अहिले रेमिट्यान्सले धानिरहेको छ । अर्थतन्त्रको आधार नै भत्कियो भने के होला ? यसर्थ, अब हामीले रेमिट्यान्समा आधारित अर्थतन्त्रलाई उत्पादनमा आधारित बनाउन सक्नुपर्छ । हाम्रो अर्थतन्त्रको आधार रेमिट्यान्स होइन, उत्पादनलाई बनाउनुपर्छ ।

मुख्यतः उत्पादन तथा निर्यात वृद्धि र व्यापार घाटा न्यूनीकरणका लागि सबैभन्दा पहिला हामीले संरचना नै परिवर्तन गर्नुपर्छ । हाम्रो नीति तथा प्राथमिकता फेरिनुपर्छ । उत्पादन र बजार विविधता बढाउनुपर्छ । सरकारले अनुदान र प्रोत्साहनको व्यवस्था गर्नुपर्छ । कृषि तथा औद्योगिक उत्पादनमा दिइने अनुदान एवं प्रोत्साहनले हाम्रो उत्पादनको प्रतिस्पर्धी क्षमता बढाउँछ । राजनीतिक स्थिरता पनि उत्तिकै आवश्यक छ । हामी अहिले पनि निर्वाचन, मधेसका मुद्दा, संविधानको कार्यान्वयनलगायत विषयमा केन्द्रित छौँ । जब यस्ता विवादित राजनीतिक विषयले किनारा पाउँछ अनि मात्रै अर्थतन्त्र केन्द्र बिन्दुमा आउँछ र व्यापार घाटा न्यूनीकरणका समाधानमा लागिएला ।